# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : १ संख्या : १ बैशाख १७, २०७८

## भाग-३

## सूचना

गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७८/०१/१४ गतेको गाउँकार्यपालिकाको २१औं बैठकबाट भएका निर्णयहरुको यो सूचना प्रकाशन गरिएको छ ।

२१.१ अघिल्लो कार्यपालिकाको बैठकमा भएका निर्णयहरु कार्यान्वयनको समिक्षा गरियो ।

२१.२ कोभिड-१९(कोरोना भाइरस ) नयाँ भेरियन्टका साथ संक्रमण उच्च दरमा फैलिएको अवस्था देखिएकोले गाउँपालिकामा पनि भारत लगायतका राष्ट्रहरुबाट तथा संक्रमणको उच्च जोखिम भएका जिल्लाहरुबाट नागरिकहरु आउने क्रम जारी रहेको हुँदा संक्रमणको उच्च जोखिम देखिएकोले स्वास्थ्य सुरक्षा सतर्कता अपनाइ जनस्वास्थ्यका मापदण्डहरु पूर्ण रुपमा पालना गर्दै संक्रमणको जोखिम रोकथामका लागि देहाय बमोजिमका बुँदाहरु उल्लेख गरि वडाले सूचना जारी गर्ने र संक्रमण रोकथामको लागि कार्य गर्ने ।

**तपशिलः**

१. आफ्नो वडामा संक्रमण जोखिम नियन्त्रणको लागि स्वतस्फूर्त रुपमा स्वास्थ्य मापदण्डको पालना गर्न जनसमूदायलाई क्रियाशिल बनाउन आवश्यक व्यवस्था मिलाउने,

२. आफ्नो वडामा यथासिघ्र वडास्तरिय समन्वय समिति (राजनीतिक दल समेत) को बैठक बसी कार्यविभाजन र रोकथामको लागि वडास्तरिय कार्ययोजना निर्माण गर्ने,

३. भारत लगायतका अन्य मुलुक तथा संक्रमणको उच्चदर फैलिएका जिल्लाहरुबाट आउने नागरिकहरु कम्तिमा १० दिन अनिवार्य रुपमा होम क्वारेन्टिनमा बस्न अनुरोध गर्ने,

४. आफ्नो वडा भित्रका सबै टोलहरुलाई समेटिने गरि टोल विकास संस्थाहरु गठन/परिचालन गर्न आवश्यक व्यवस्था मिलाउने,

५. होम क्वारेन्टिन बसे नबसेको निगरानीको लागि टोल विकास संस्था र सुरक्षा निकायलाई परिचालन गरि सूचना संकलन गर्ने र तोकिएको समय क्वारेन्टिन नबसी समुदायमा घुमफिर गर्नेहरुलाई संक्रामक रोग ऐन, २०२० बमोजिम कारबाहिका लागि सिफारिस गर्ने,

६. भारत लगायत अन्य मूलुकहरु तथा संक्रमणको उच्चदर फैलिएका जिल्लाहरुबाट आउने नागरिकहरुको लगत संकलनको लागि आवश्यकतानुसार टोल विकास संस्था, स्थानीय संघ संस्थाहरु, महिला स्वास्थ्य स्वयंसेविका, शिक्षक शिक्षिका समेत परिचालन गरि लगत संकलन (नाम नामेसी सहितको विवरण ) लगाएतका कार्हरु गर्ने,

७. तयार भएको लगत वडालाई उपलब्ध गराउने,

८. वडा सदस्यहरुलाई वडाको क्लस्टर विभाजन गरि कार्य जिम्मेवारी सहित फोकल पर्सन तोक्ने,

९. गाउँपालिकाबाट जारी भए बमोजिमको कोभिड सम्बन्धी सूचना वडाको सबै टोलहरुमा माईकिङ्ग गरि प्रवाह गर्ने,

१०. स्वास्थ्य चौकी प्रमुखले आफ्नै वडा भित्र रहेका नागरिकको स्वास्थ्यमा संक्रमणको कुनै लक्षण देखिएमा वडाध्यक्षसँग समन्वय गरि वडाको सिफारिसमा गौडाकोटमा रहेको अस्थायी कोभिड अस्पतालमा पठाई एन्टिजेन परिक्षण गर्ने व्यवस्था मिलाउने,

११. कुनै नागरिकको स्वास्थ्यमा गम्भिर समस्या देखिएमा अस्पतालमा पठाउन आवश्यक व्यवस्था मिलाउने,

१२. आफ्नो वडा भित्र संक्रमित व्यक्तिको शव व्यवस्थापनको लागि उपयुक्त स्थान छनौट गर्ने ।

**२१.३** संघीय ममिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानीय तह समन्वय शाखाको च.नं. ४७१ मिति २०७८/१/६ को पत्र साथ प्राप्त स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं. १४१ मिति २०७८/१/३ को पत्र बैठकमा प्रस्तुत भई छलफल गरी अस्पताल निर्माणको लागि हाल सम्म भए गरेका गतिविधिहरुको समिक्षा गरियो । मिति २०७७।०८।१० गतेको कार्यपालिका बैठकको निर्णयबाट कित्ता नं. ९३१,६६,६०,६१,६३ बाट प्रारम्भिक क्षेत्रफल ७-८-२-२ को जग्गा प्राप्तीको लागि नेपाल सरकारलाई अनुरोध गरिएकोमा नेपाल सरकारबाट सोही बमोजिमको क्षेत्रफल स्वीकृत भई जग्गा प्राप्ती ऐन, २०३४ बमोजिम मुआब्जा निर्धारणको लागि प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा मुआब्जा निर्धारण समितिको बैठक बसी मुआब्जा निर्धारणको लागि उप-समिति गठन भई उप समितिबाट जग्गाको स्थलगत अध्ययन गरी जग्गाको एकीन नापजाँच गर्दा साविकको प्रारम्भिक क्षेत्रफलमा फरक पर्न गई ७-२-२-२ क्षेत्रफल कायम हुन आएको र अस्पताल निर्माणको लागि स्वास्थ्य भवन पूर्वाधारको डिजाईन तथा निर्माण सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७७ बमोजजिम प्राथमिक अस्पताल 'ख' वर्गको लागि ७-२-०-० रोपनी जग्गा आवश्यक पर्ने भएकोले अस्पताल निर्माणको लागि आवश्यक पर्ने न्यूनतम क्षेत्रफलमा नघट्ने गरी तपसिल बमोजिमको जग्गाको मुआब्जा निर्धारण गर्न प्रमुख जिल्ला अधिकारीलाई अनुरोध गर्ने, जग्गाधनीहरुबाट गाउँपालिकाले अस्पताल भवन निर्माण सम्बन्धीका कार्यहरु गर्न मञ्जुरीनामा प्राप्त भएको र उक्त कित्ताका जग्गाहरु जिल्ला प्रशासन कार्यालय गुल्मीबाट मालपोत कार्यालय, गुल्मीमा रोक्का समेत राखिएको हुँदा मन्त्रालयको निर्देशन अनुसार आधारभुत अस्पतालको भवन निर्माणको लागि मन्त्रालयबाट तोकिएको मिति भित्रै टेण्डर आव्हान गर्ने ।

**तपशिलः**

| सि नं | जग्गाधनीको नाम थर | पिताको नाम | बाजेको नाम | किनं. | जग्गाको क्षेत्रफल | उक्त जग्गाबाट गाउँ पालिकाले लिने क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| १ | दुर्गा बहादुर महतरा | डिल बहादुर | भिम बहादुर | ९३१ | २-३-२-२ | १-१३-०-१ |
| २ | दुर्गा बहादुर महतरा | डिल बहादुर | भिम बहादुर | ६६ | ४-६-०-२ | ०-११-०-३ |
| ३ | थमन बहादुर झाक्री | भोज बहादुर | तुलवीर | ६० | ४-११-०-३ | २-५-१-२ |
| ४ | थमन बहादुर झाक्री | भोज बहादुर | तुलवीर | ६१ | २-२-३-१ | ०-२-०-० |
| ५ | मान बहादुर झाक्री | तुरवीर | रत्नवीर | ६३ | ४-४-१-० | २-३-०-० |
| जम्मा | | | | | | ७-२-२-२ |

२१.४ अल्कालाइन वाटर सप्लायर्सले यस गाउँपालिकामा कार्यक्षेत्र बिस्तार गरि नागरिकहरुलाई शुद्ध खानेपानी उपलब्ध गराउनको लागि अनुमति माग गरेको हुँदा यस पालिकाका नागरिकहरुसँग कुनै पनि शुल्क नलिने गरि कार्यक्रम सञ्चालन गर्न अल्कालाइन वाटर सप्लायर्सलाई अनुमति प्रदान गर्ने ।

२१.५ रेसुङ्गा नगरपालिका वडा नं. ८ तमघास, गुल्मीमा दर्ता नं.२५८४९६ र स्थायी लेखा नं. ६०९९६२०७७ रहेको दिदी बहिनी स्वरोजगार प्रा.लि. नामको संस्थाको रेसुङ्गा-८ मा केन्द्रिय कार्यालय रहेको र उक्त संस्थाले यस गुल्मीदरबार गाउँपालिकामा विभिन्न सिपमूलक तालिमहरु सञ्चालनको लागि अनुमति माग गरेकोमा उक्त संस्थालाई यस पालिकाका नागरिकहरुसँग कुनै शुल्क नलिने गरि तालिम सञ्चालन गर्न अनुमति प्रदान गर्ने ।

२१.६ गुल्मीदरबार गाउँपालिकाको शिक्षा ऐन, २०७५ (संशोधन) बमोजिम नरेन्द्र शर्मालाई निरीक्षक तोक्ने ।

२१.७ गाउँपालिकामा सञ्चालन हुने सिपमूलक र स्वरोजगार मुलक तालिमहरु स्वास्थ्य सुरक्षाका मापदण्ड पुरा गरि सञ्चालन गर्ने ।

२१.८ वडा अध्यक्ष कार्यक्षेत्र भन्दा बाहिर गएको अवस्थामा कार्यवाहक वडा अध्यक्षको पत्र दिंदा दस्तखत नमूना सहित जिल्ला प्रशासन कार्यालय र गाउँपालिकामा बोधार्थ अनिवार्य पठाउनु पर्ने ।

२१.९ सुरक्षित नागरिक आवासको सम्झौता तपशिल बमोजिमको मितिमा गाउँपालिकामा गर्ने ।

**तपशिलः**

- मिति २०७८/१/१७ गते वडा नं. ३ का १४ वटा छनौट भएका लाभ ग्राहीहरुसँग
- मिति २०७८/१/१९ गते वडा नं. २ का १४ वटा छनौट भएका लाभ ग्राहीहरुसँग
- मिति २०७८/१/२० गते वडा नं. ४ का २६ वटा छनौट भएका लाभ ग्राहीहरुसँग
- मिति २०७८/१/२१ गते वडा नं. ५, ६ र ७ का १० वटा छनौट भएका लाभ ग्राहीहरुसँग
- मिति २०७८/१/२२ गतेबाट वडा नं. १ का ५९ वटा छनौट भएका लाभ ग्राहीहरुसँग

आज्ञाले,

(लक्ष्मण पाण्डे)

प्रमुख प्रशासकीय अधिकृत